# महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

# २०७८

## पाटन नगरपालिका

## बैतडी




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यवसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल

Babar Mahal, Kathmandu, Nepal

## प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

(लुम्बनी, कर्णाली प्रदेश तथा सुदुरपश्चिम प्रदेश )


पत्र संख्याः२०७८/७९

च.नं.१६६

मितिः२०७८/५/४

श्री  नगर प्रमुखज्यू,

पाटन नगरपालिका ,

नगरकार्यपालिकाको कार्यालय ,वैतडी ।

विषयः  लेखापरीक्षण प्रतिवेदन ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन ,२०७५ को दफा २०(३) र दफा २२ प्रयोजनको लागि अनुरोध छ ।

(नारायण एम.सी.)

नायब महालेखापरीक्षक


Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328

Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np


"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछ्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा, दंगाल)**

२०७८ भाद्र ४ गते **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
**प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय**
(लुम्बनी, कर्णाली तथा सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः२०७८/७९
च.नं.१६७ मितिः २०७८/५/४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री नगर प्रमुखज्यू,
पाटन नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय , वैतडी ।

**कैफियत सहितको राय**

हामीले पाटन नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तीय विवरण र त्यससङ्ग सम्बन्धित आय व्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ मसान्तमा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित अन्य बिबरणले स्थानीय तहसङ्ग सम्बन्धित प्रचलित कानून बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. लेखापरीक्षणबाट रु १ करोड ७२ लाख ३६ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु १४ लाख ६२ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु ३९ लाख ९५ हजार नियमित गर्नुपर्ने रु. १ करोड ०२ लाख ३७ हजार पेश्की बाँकी रु १५ लाख ४२ हजार रहेको छ ।

२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७८।०१।१५ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिकृया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजु फछ्र्यौट नभइ कायम व्यहोराको अन्तीम प्रतिवेदन पाना १९ (उन्नाइस) को यसैसाथ संलग्न छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तह सङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, प्रमुख र प्रमुख प्रशासकिय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनि उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउन सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np

# पाटन नगरपालिका

## लेखापरीक्षण प्रतिवेदन

## २०७६।७७

**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नगरपालिकाको उद्देश्य रहेको छ । यस नगरपालिका अन्तर्गत १० वडा, ५४ सभा सदस्य, वर्ग किलोमिटर क्षेत्रफल तथा जनसंख्या रहेको छ ।

**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस नगरपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७६।७७ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ ।

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रक | रकम |
| १ | **गत वर्षको जिम्मेवारी** | | ११५९२०२८।७० | १ | **चालु खर्च** | | ३३३७९०९०४।९१ |
| | क) नगद | | | २ | **पूँजीगत खर्च** | | १२१८२५८१७।६२ |
| | ख) बैंक | | ११५९२०२८।७० | ३ | **वित्तिय व्यवस्था भुक्तानी** | | ०.०० |
| २ | **राजस्व (आन्तरिक आय)** | | ७०१४०६०६।६५ | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | ४५१३०४४।४३ | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड केन्द्र | | ६५२६८८७०।८६ | | ग) अन्य भुक्तानी | | |
| | ग) राजश्व वाडफाड प्रदेश | | ३५८६९१।३६ | ४ | **लगानी** | | ०.०० |
| ३ | **वित्तिय हस्तान्तरण संघ** | | **४२६८७११०३।** | | ऋण लगानी | | |
| | क) वित्तिय समानीकरण अनुदान | | ११०३०००००। | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | २८५२७११०३। | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | ११३०००००। | ५ | धरौटी फिर्ता | | ३७२२२५। |
| | घ) विशेष अनुदान | | २०००००००। | ६ | कर्मचारी कल्याण कोष खर्च | | |
| ४ | **प्रदेश सरकारबाट प्राप्त अनुदान** | | **२८१२९९३०।** | ७ | प्रकोप व्यवस्थापन कोषा | | १६४८३६५६। |
| | क) वित्तिय समानीकरण अनुदान | | ७०१९०००। | ८ | सामाजिक सुरक्षा | | **७९५४९०००।** |
| | ख) सशर्त अनुदान | | ६०१५०००। | ९ | स्थानिय पर्वाधार विकस समझेदारी कार्यक्रम खर्च | | ७५३७५५९। |
| | ग) समपुरक अनुदान | | ५४५१०००। | १० | वहक्षेत्रिय पोषण कार्यक्रम | | ८३७७०५। |
| | घ) विशेष अनुदान | | ६४०००००। | ११ | पर्यटन पुर्वाधार विकास आयोजना | | ३८४३३४४। |
| | ङ] प्रोत्साहन भत्ता | | ६३००००। | १२ | राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुजिगत | | २०५७११। |
| | च] कोरणा कोष प्रदेशबाट प्राप्त | | २३३५०००। | ९ | राष्टिय परिचय पत्र तथा | | ९८२७६० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | पञ्जिकरण चालु | | |
| | छ] सुचना प्राविकको तलव | | २७९९०३। | १० | चेक साटन वाकी | | [८५३४२] |
| ५ | प्रकोप व्यवस्थापन कोष | | **१६८१०३२३।** | ११ | **वैक मौज्दात** | | **८४८३६४३०।४०** |
| ६ | स्थानिय पर्वाधार विकस समझेदारी कार्यक्रम | | **७५३७५५९।** | १२ | क) मुल संचित कोष | | ३५६९१६७५।२३ |
| ७ | पर्यटन पुर्वाधार विकासआयोजना | | **३८४३३४४।** | | ख) चालु खर्च खाता | | ३३८९८५११।४२ |
| ८ | वहुक्षेत्रिय पोषण कार्यक्रम | | **८३७७०५।** | | ग] पुजिगत खर्च खाता | | ६८३५६११।४० |
| ९ | धरौटी आय | | **२७५६४१९।५९** | | घ] कर्मचारी कल्याण कोष | | ९२३२८१। |
| १० | सामाजिक सुरक्षा | | **७९५४९०००।** | | ङ]प्रकोप व्यवस्थापन कोष | | ३२६६६७। |
| ११ | राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग पुजिगत | | **२०५७११।** | | च] धरौटी मौज्दात | | २४५९१९४।५९ |
| १२ | राष्टिय परिचय पत्र तथा पञ्जिकरण विभाग चालु | | **९८२७६०** | | छ] राजश्व वाडफाडबाट प्रास रकम कोष | | ४७०१४८९।७७ |
| | कर्मचारी कल्याण कोष | | ८७३२८१ | | | | |
| | **जम्मा** | | ६५०१२९७७०।९४ | | **जम्मा** | | ६५०१२९७७०।९४ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| १. | **वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँनगरपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्नेमा राखेको पाईएन ।<br>त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br>• नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा नगरपालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखि रहेको पाईयो।<br>• नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो ।<br>• वडा कार्यालयमा रहेका जिन्सी समान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस गरेको छैन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• कुनै रकम रकमको भुक्तानी दिंदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | अवागै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ दफा ३ मा नगरपालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न सम्झौता गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।<br>• नगरपालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ नगरपालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३. | **बरबुझारथ** : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस नगरपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाउँ विकास नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| ४. | **बजेट पेश, पारित र अख्तियारी** - स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्य नगरपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्रीमती सरस्वती कोलीले मिति २०७६।३।११ गते रु.५४ करोड ०६ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।४।१५ मा पारित भएको छ । यसैगरी वजेट स्विकृत भएको ७ दिन भित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखियन। | |
| ५. | **बजेट तथा कार्यक्रम तर्जुमा** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| ६. | **चौमासिक खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएकोप व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ । | |

| बजेट पशिर्षक | कुल खर्च | चौमासिक खर्च (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|
| | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेश्रो चौमासिक | आषाढ महिना |
| पूँजिगत खर्चतर्फ | १२१९८१ | १०६९० | ८९७० | १०२३२० | ८२०२० |
| **जम्मा** | **१२१९८१** | **१०६९०** | **८९७०** | **१०२३२०** | **८२०२०** |
| प्रतिशत | | ८.७६ | ७.३५ | ८३.८८ | ६७.२३ |

नगरपालिकाले उपलब्ध गराएको विवरणअनुसार पुजिगत खर्च रु. १२१९८१ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.**१०६९०.०** अर्थात ८.७६ प्रतिशत, दोश्रो चौमासिकमा रु. **८९७०. हजार** अर्थात ७.३५ प्रतिशत र तेश्रो चौमासिकमा रु. **१०२३२०.०**, अर्थात ८३.८८ प्रतिशत खर्च गरेको देखिएको छ। यसरी नै आषाढ महिनामा मात्र रु. **८२०२०.०** अर्थात ६७.२३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ७. | **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस नगरपालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । रु हजार | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १९९४४ | १२९८४ | ६५।१० |
| २ | पूर्वाधार विकास | ११३७१६ | ७०८१६ | ६२।२७ |
| ४ | बातावरण तथा विकास | ५२५६ | ५००७ | ९४।७१ |
| ५ | सामाजिक क्षेत्र | ३४४०३० | ३०२९७५ | ८८.०६ |
| ६ | अन्य कार्यालय संचालन/प्रशासनिक | ८९५६७ | ६१८९९ | ६९।१ |
| | **जम्मा** | **५७२५४४** | **४५३६८२** | **७९.२४** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी ६०.०८ प्रतिशत सामाजिक विकासमा र घटी ०.९१ प्रतिशत वातावरण तथा विकासमा रहेको छ ।

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ८. | **लक्ष्य प्रगति :** कार्यालयको चौमासिक वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका १०० योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ | |
| ९. | **कर्मचारी करार** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर नगरपालिकाले विभिन्न पदमा ४८ जना कर्मचारीहरु करारमा राखि रु. ८८३७८०३। खर्च लेखेको छ । | |
| १०. | **कल्याण कोष** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय | १९५००००। |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.२००००००. ट्रान्सफर गरी रु १९५००००।खर्च गरेको छ । उक्त कोषको संचालन सम्बन्धी नगरपालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी नगरपालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर र खर्च गर्न मिल्ने नदेखिएकाले कार्यविधि निर्माण नगरी खर्च लेखको रकम अनियमित देखिएको रु | |
| ११. | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको नगरपालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ नगरपालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १२. | **वडा सचिवको पदपूर्ति :** नगरपालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । | |
| १३. | **सेवाप्रवाहको स्थिति :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १० वटा ऐन, ५ वटा नियमावली निर्देशिका १ वटा नर्म्स १ वटा र ८ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष नगरपालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

दफा १२ को तालिका:

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| १० | १० | ३ | ७ |

दफा १३ को तालिका:

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ४२ |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ११२७ |
| मृत्युदर्ता | १८३ |
| बसाईसराई दर्ता | २६९ |
| विवाह दर्ता | ३०० |
| सम्बन्धविच्छेद दर्ता | |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | २ |
| ग्राभेल सडक मर्मत | १ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार नगरपालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|

१४. **योजना छनौट र कार्यान्वयन** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक नगर विकास योजना २०७५/७६ को अध्ययन गर्दा नगरपालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । नगरपालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

| रु १ लाख सम्म | रु १ देखि २ लाखसम्म | रु २ देखि ५ लाखसम्मका | रु ५ देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| १ | ६ | १२ | ४६ | ८ | ७३ |

उपरोक्त विवरण अनुसार नगरपालिकाले यस वर्ष रु. १ लाख देखि १८ लाख सम्मका जम्मा ७३ वटा योजना संचालन गरेकोमा रु.१० लाख भन्दा मुनिका मात्र ४६ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षैं भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावकारी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

१५. **आईई अध्यय** : यस पाटन नगरपालिकाले संचालन गर्ने प्रमुख विकास गतिविधिमा सडक संरचन ट्र्याक खोल्ने र सो को स्तरोन्नती गर्ने गरेको देखियो । सडक निर्माणको डिपिआर बमोजिम ७ मिटर चौडाई भएको सडक निर्माणका कामहरु धमाधम हुँदै गर्दा बीचमा स्थानीयबासीले आफ्नो खेतीयोग्य र घडेरीयुक्त जमिन मासिने भएकोले क्षतिपूर्ति लगायतका माग राखी निर्माण प्रकृया अवरुद्ध गरेको समेत देखियो । यसरी विकासका गतिविधि अगाडि बढाउनु अघि तत्कालिन वातावरणीय विश्लेषण (IEE) गरी स्थानीयको चासो, माग र विकासको प्रभाव र स्थानीय आवश्यकतालाई ख्याल गरी, समयमै जग्गा, मुअब्जा लगायतका संभावित द्वन्दलाई समाधान गरी निर्माण कार्य अघि बढाउनु पर्नेमा सो प्रक्रिया अपनाएको पाइएन । यसले गर्दा राज्यबाट हुने लगानीको प्रतिफल, जनअपेक्षा, कामको दिगोपना, गुणस्तर र प्रभावकारितामा असर पर्ने भएकोले कम्तिमा आईई अध्ययन गरी निर्माण प्रकृया अपनाउनु पर्दछ ।

१६. **टुक्रा खरिद** : सार्वजनिक खरिद ऐन २०६३ को दफा ८ अनुसार खरिद कार्यलाई सीमित (२) प्रतिष्पर्धा हुनेगरी टुक्रा टुक्रा पारी खरिद गरिनु हुँदैन भन्ने व्यवस्था छ । यस नगरपालिकाले निर्माण कार्यको डिपिआर तयार गर्दा मिल्ने कार्यको प्याकेज बनाई प्रतिष्पर्धात्मक आधारमा खरिद गर्नुपर्नेमा रु ५९ लाख ६९ हजार ९६६ को पटक पटक टुक्रा बनाई खरिद गरेको छ ।

| कार्य विवरण | परामर्शदाताको नाम | स्वीकृत बजेट | खर्च रकम |
|---|---|---|---|
| १२ वटा योजनाको डिपिआर निर्माण | एक्सट्रिम डिजाइन सोलुशन प्रालि | ४५००००० | ४४९९८३५ |
| मेल्तडा लिफ्ट सिँचाइ योजना पौडी लिफ्ट सिँचाइ योजना | एरागोन मेकाइडल एण्ड मल्टी सर्भिस प्रालि | ५००००० | ४९०४२१ |
| सुर्नया जोलाबाझ तोली लिफ्ट यो जाइकटरी लिफ्ट सिँचाइ योजना | माडी कन्सल्टेन्सी प्रालि | ५००००० | ४८८१६० |
| विद्यालय भवन र शौचालयको डिपिआर | माइलस्टोन इन्फ्रास्ट्रक्चर | ५००००० | ४९१५५० |
| जम्मा | | | ५९६९९६६ |

१७. **एउटै सडक ट्र्याकमा उपभोक्ता र निर्माण व्यवसायीलाई विरोधाभासपूर्ण तवरले काम लगाएको**: स्थानीय तहबाट श्रममुलक, स्थानीय सीप र सहभागिता जुट्ने, स्थानीय प्रविधि उपयोग हुने र स्थानीय वासिन्दाले योगदान गर्न सक्ने काममा उपभोक्ता समिति मार्फत काम गर्नु प्रभावकारी हुन्छ। यस नगरपालिका कार्यालय अन्तर्गत लोर्खा - कैलपाल सडक निर्माण कार्यक्रम अनुसार निर्माण व्यवसायीबाट ठेक्का मार्फत काम गराउँदा सफ्ट स्वायल, हार्ड स्वायल, सफ्ट रकको आधारमा ट्र्याक खोल्ने गरी कार्यादेश दिएको छ भने सोही ट्र्याकमा थप निर्माण कार्य गर्न उ.स. मार्फत कार्य गराउँदा

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | हार्ड रकको ७५९ घ. मि. को ७६२ का दरले ५७८९२६ कायम समेत गरी रु २५३६९०८ मा उपभोक्ता समिति सँग सम्झौता गरेको छ । यसरी उपभोक्ता समितिको परिचालन र व्यवस्थापन विपरित उपभोक्ता ठेक्का मार्फत गराउने काम उपभोक्तालाई दिएकोले कार्य संचालनको प्रकृया तार्किक, विधिसम्मत र उद्देश्यमूलक देखिएन । यस्तो स्थितिमा सुधार गर्नुपर्दछ । | |
| १८. | **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार यो बर्ष सोझै विवादबाट निरुपन गर्न सकिने ८ वटा र मेलमिलापको माध्यमबाट मात्र निरुपन गर्न सकिने ९समेत १७ विवाद दर्ता भएकोमा १६ वटा फछ्यौंट भई मेलमिलापको माध्यमबाट मात्र निरुपन गर्न सकिने १ वटा बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्यौंट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| १९. | **वैठक भत्ता** : सुदुरपश्चिम प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्वन्धी ऐन २०७५ को दफा ३ मा स्थानिय तहका पदाधिकारी सदस्य र सभाका सदस्यले आफु निर्वाचित भइ अनुसुचि १ बमोजिम पद तथा गोपनियताको सपथ लिइ आफनो पदको काम कारवाही शुरु गरेको मितिले अनुसुचि १ ख मा उल्लेखित सुविधा मात्र दिन मिल्ने देखिन्छ । कार्यलयले अनुसुचिमा उल्लेखित सुविधा मात्र दिइ खर्च लेखनु पर्दछ । निम्न वडाका वडा समितिक सदस्य तथा अन्य व्यक्ति वडासिमितिको वैठकमा उपस्थित भएको उल्लेख गरी वैठक खर्च लेखेको छ । पदाधिकारी तथा सदस्यले पाउने सुविधा ऐनमा वडा समितिको वैठकमा उपस्थितलाइ भत्ता पाउने उल्लेख नगरेकोमा भत्ता खर्च लेखेकोले उक्त खर्च लेखन पाउने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु | ३४३०७५। |

| वडा न | विवरण | वैठक भत्ता दर | भत्ता रकम |
|---|---|---|---|
| ६ | वडा समितिको वैठक | १०००। | १४८७५०। |
| ५ | वडा समितिको वैठक | १०००। | ४५९००। |
| ४ | वडा समितिको वैठक | १०००। | ३६१२५ |
| ३ | वडा समितिको वैठक | १०००। | ३५७००। |
| १० | वडा समितिको वैठक | १०००। | ७१४००। |
| | **जम्मा** | | **३४३०७५।** |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| २०. | **आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर नगरपालिकाले यस वर्ष रु.१९०५१७५.० आर्थिक सहायता वितरण गरेका छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१. | **विविध खर्च** : स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७१ वमोजिमको वजेट अनुमानमा आन्तिरक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्नें व्यवस्था छ ।आन्तिरक आय न्युन भएकोमा पालिकाले यस वर्ष विविध तर्फ रु १०४६५७५। खर्च गरेको छ । यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ । | |
| २२. | **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस नगरपालिकाले पुँजिगत शीर्षक अन्तर्गत यो बर्ष वार्षिक रु.१२१८२५८१७।६२.० पूँजीगत खर्च गरेको छ । तर नगरपालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः नगरपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २३. | **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले नगरपालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले पेश गरेको आय—व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. ११०००००.० आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु. ४५१३०४४। अर्थात अनुमान भन्दा ४१ प्रतिशत आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको समेत पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| २४. | **राजश्व अभिलेख :** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । नगरपालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख नगरपालिकामा आएको देखिएन । अघिल्लो आ.व.को बाँकी के कति छन यकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो । | |
| २५. | **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख भएकोमा, नगरपालिकाले यस बर्ष यस शिर्षकमा कुनै पनि कर संकलन गरेको पाइएन । यस नगरपालिकाको क्षेत्र भित्रबाट उठ्नु पर्ने सवारी कर यकिन गरी असुल गर्नुपर्दछ । | |
| २६. | **मनोरञ्जन कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७६।७७ मा नगरपालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस नगरपालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| २७. | **व्यवसाय कर -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष नगरपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कर संकलन नगरेको र नगरपालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अद्यावधिक गरेको छैन । तसर्थ नगरपालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ । | |
| २८. | **दहत्तर बहत्तर शुल्क** : सुदुरपश्चिम प्रदेशको प्रदेश आर्थिक ऐन, २०७६ को दफा ८(३) मा ढुंगा, गिट्टी, बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसुची ६ तोकीएको दरमा नघटने गरी शुल्क लगाईने र असूल गरीने उल्लेख छ । यस नगरपालिकाले यस वर्ष यस शिर्षमा कुनै पनि कर संकलन गरेको छैन । | |
| २९. | **हेभी इक्विपमेण्टको प्रयोग** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । नगरपालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ नगरकार्यपालिकाको कार्यालयबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन : | |

| गोभौनं./मिति | उपभोक्ता समितिको नाम | कामको विवरण | भुक्तानी रकम | प्रयोग गरेको हेभी उपकरण |
|---|---|---|---|---|
| ५।०७७।३।२२ | जसुलिखाली लामाडाडा सडक निर्माण उ स | सडक निर्माण | १९८२६३० | ब्रेकर |
| १३।०७६।९।२४ | चुच्चे खोल्सी सडक निर्माण उ स | सडक निर्माण | १७१४४१४ | डोजर भाडा |
| ४८।०७७।३।१० | किलोहाणे जजला सडक निर्माण उ स | सडक निर्माण | ९६२०२५ | डोजर भाडा |
| | जम्मा | | | |

नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३०. | **शिक्षक दरवन्दी र पदपूर्ति -** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६३ सामुदायिक विद्यालयहरुको कुल शिक्षक दरबन्दी २९३ रहेको २९३ संख्यामानै पदपूर्ती भएको छ । सो मध्ये १३५ संख्यामा करारमा शिक्षक कार्यरत रहेका छन्। | |
| ३१. | ७११२।०५- छात्रवृत्ति शिक्षा विभागको कार्यक्रम कार्यान्वयन निर्देशिका अनुसार आइएमआइएस मा : प्रविष्ट छात्र छात्राको विवरणको आधारमा दलित छात्रवृत्ति प्रदान गरिनुपर्नेमा देहायका विद्यालयहरुलाई तोकिएको भन्दा बढी निकासा भएको रकम असुल गर्नुपर्ने रु | ८८८००। |

| सिनं | विद्यालयको नाम | रकम |
|---|---|---|
| 1. | त्रिपुरेश्वर मा.वि. | २००० |
| 2. | भुमेश्वर मा.वि. | ५२०० |
| 3. | मा.वि. गुजर | ५६०० |
| 4. | पाटनमा.वि. | ४८०० |
| 5. | उदयदेव मा.वि. | १९२०० |
| 6. | कृष्ण मा.वि. | २३६०० |
| 7. | सिध्देश्वर मा.वि. मेल्चौरा | १२४०० |
| 8. | सरस्वती मा.वि. | २८०० |
| 9. | निलपालेश्वर मा.वि. | २४०० |
| 10. | कालिका मा.वि. | १६०० |
| 11. | जनता मा.वि. | २४०० |
| 12. | सिद्धनाथ मा.वि. | ६८०० |
| | | ८८८०० |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ३२. | **प्राविधिक शिक्षा अनुदान** :२१८।३।३१ शिक्षा विभागको कार्यक्रम कार्यान्वयन पुस्तिकाअनुसार स्थानीय तहले अनुदान वितरण गर्नुपुर्व प्राविधिक तथा व्यवसायिक धार -कक्षा ९)१२सञ्चालन भएका ( विद्यालयहरु तोकिएको मापदण्ड अनुसार सञ्चालन व्यवस्थापन भए नभएको अनुगमन गरी यस प्रकृतिका ल्याव असिस्टेण्टका लागि ,विद्यालयमा अध्ययनरत विद्यार्थी संख्या यकीन गरी शिक्षण सिकाई सामग्री पारिश्रमिक उपकरण तथा प्रयोगात्मक सामग्री व्यवस्थापन, व्यवहारिक अभ्यासका लागि प्रति विद्यार्थी १५०००। का दरले अनुदान उपलब्ध गराउने व्यवस्था छ । यस पालिकाले श्री कृष्ण मा वि लाई सिटिइभिटि अन्तर्गत डिप्लोमा प्रथम द्वितीय र तृतीय तहमा अध्ययनरत ७७ जनाको समेत रु ११५५००० बढी निकासा दिएको छ । सो विध्यालय शिक्षा विभाग र सिटिइभिटि दुबैबाट प्राविधिक शिक्षा सञ्चालन अनुमित प्राप्त विध्यालय भएकोले शिक्षा विभाग अन्तर्गतका प्राविधिक धारमा अध्ययनरत विध्यार्थी संख्या यकिन गरेर मात्र अनुदान उपलब्ध गराउनु पर्नेमा बढी भुक्तान भएको रकम असुल गर्नुपर्ने रु | ११५५०००। |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>३३.</td><td>शिक्षकको तलब भत्ता निकासा - शिक्षा नियमावली, २०५९ को नियम १७९ मा कुनै कामको लागि आबश्यकभन्दा बढी रकम माग गर्ने र निकासा दिने पदाधिकारीलाई कानून बमोजिम कारबाही गरी बढी निकासा वा खर्च भएको रकम असुल उपर गरिने उल्लेख छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः</td><td></td></tr>
<tr><td>३४.</td><td>शिक्षकहरुको पारित तलबी प्रतिवेदन अनुसार ग्रेड भुक्तान गर्नुपर्नेमा तलबी प्रतिवेदन पारित गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>३५.</td><td>निम्न शिक्षकहरुलाई तलब निकासा बढी भएको रकम असुल गर्नुपर्ने
<table>
<tr><th>विद्यालय</th><th>शिक्षक</th><th>सरुवा।अवकास मिति</th><th>मासिक तलब</th><th>बढी</th></tr>
<tr><td>गौडाली प्रावि</td><td>वीरबहादुर कार्की</td><td>२०७६।१२।०४</td><td>३१६७१</td><td>३१६७</td></tr>
<tr><td>पाटनमावि</td><td>संग्राम सिँह धामी</td><td>२०७६।१०।२६</td><td>३६५२२</td><td>६०८७</td></tr>
</table></td><td>९२५४।</td></tr>
<tr><td></td><td>स्वास्थ्य तर्फ</td><td></td></tr>
<tr><td>३६.</td><td>ग्रेड : २।०७६।६।१३ नरेन्द्रराज भट्टराईलाई श्रावणदेखि चैत्रसम्म प्रति ग्रेड ८८७ का दरले ४ ग्रेड भुक्तान गर्नुपर्नेमा १ ग्रेड बढी भुक्तान भएको रु ७९८३ असुल गर्नुपर्ने रु</td><td>७९८३।</td></tr>
<tr><td>३७.</td><td>चाडपर्व : २।०७६।८।२५निजामति : सेवा ऐन अनुसार कर्मचारीले वर्षको एक पटक चाडपर्व खर्च पाउने व्यवस्था छ । निम्न कर्मचारीहरुको चाडपर्व खर्च दोहोरो परेको रकम असुल गर्नु पर्ने रु
<table>
<tr><th>सिनं</th><th>विद्यालयको नाम</th><th>रकम</th></tr>
<tr><td>१.</td><td>जनकराज पाण्डेय</td><td>३००८०</td></tr>
<tr><td>२.</td><td>भागरती जोशी</td><td>२७४९७</td></tr>
<tr><td>३.</td><td>महेश प्रसाद पाण्डेय</td><td>३१९९०</td></tr>
<tr><td></td><td></td><td>८९५६७</td></tr>
</table></td><td>८९५६७।</td></tr>
<tr><td>३८.</td><td>औषधी खरिद - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु. का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः</td><td></td></tr>
<tr><td>३८.१.</td><td>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</td><td></td></tr>
<tr><td>३८.२.</td><td>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>३८.३.</td><td>औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।</td><td></td></tr>
<tr><td>३८.४.</td><td>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>३९.</td><td>प्रधानमन्त्री रोजगार कार्यक्रम - स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना कार्यान्वयन भएका छन् । साथै श्रमिकको संख्या पनि अधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, नाला, निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष वडा का ८७१ जनालाई रोजगारी उपलव्ध गराई रु. ३०९५५८६. खर्च गरेको छ । लक्षित वर्गलाई १ दिनदेखि ६ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |
| ४०. | **कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी खर्च गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । नियमावलीले तोके अनुसारको खर्चमा नियन्त्रणका लागी कन्टिन्जेन्सी खाता अद्यावधिक हुनु पर्दछ । | |
| ४१. | **योजना हस्तान्तरणः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(१३) मा उपभोक्ता वा लाभग्राही समुदाय मार्फत निर्माण सम्पन्न योजना निर्माण सम्पन्न भएपश्चात्त आयोजनाको स्वामित्व सोही समितीलाई हस्तान्तरण गर्नु पर्ने व्यवस्था रहेको, कार्यालयले सो बमोजिम योजना हस्तान्तरण गरेको पाईएन । योजना हस्तान्तरण नहुँदा सोको रेखदेख, मर्मतको जिम्मेवारी समेत कार्यालयलमा रही थप व्ययभार थपिन जाने देखिन्छ । | |
| ४२. | **निर्माण कार्यको गुणस्तरः** सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ । कार्यालयले उपभोक्ता समिति मार्फत् निर्माण/कार्यान्वयन गराइएका योजनाको दिगोपनाका लागि सम्बन्धित उपभोक्ता समिति मार्फत आवश्यक व्यवस्था गर्नुपर्दछ ।कार्यालयले निर्माण कार्यको गुणस्तर सुनिश्चितता गर्न विभिन्न निर्माण सामग्रीको प्रयोगशाला परीक्षण गर्ने/गराउने, ढुङ्गा र सिमेन्टको गाह्रो लगाउने तथा ढलानको कार्यको गुणस्तरका लागि प्रयोग हुने ग्याबियन तार, सिमेण्ट, तथा कंक्रिट क्यूब टेष्ट गराउने परिक्षण जस्ता कार्य गराएको पाइएन।यसले गर्दा निर्माण कार्यमा आवश्यक गुणस्तर कायम भएको सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था छैन।अतः नियमावली तथा सम्झौतामा उल्लेख भए अनुसार निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर परिक्षणलाई अनिवार्य गर्नु पर्दछ । | |
| ४३. | **बीमा गराउनुपर्नेः** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(१) मा दश लाख रुपैंयाभन्दा बढीको निर्माण कार्यमा निर्माण व्यवसायीले तोकिएको कुराको बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयद्वारा संचालित दश लाख माथिका अधिकाँश निर्माण कार्यको सम्झौतामा बिमाको व्यवस्था गरेको छैन भने सम्झौतामा बिमाको व्यवस्था भएतापनि निर्माण व्यवसायीले बिमा गरेको प्रमाण पेश भएका छैनन्। निर्माण कार्यमा हुनसक्ने सम्भाव्य दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागथि अनिवार्य रुपमा संरचनाको विमा गरेर नियमावलीको व्यवस्था पालना गरिनुपर्दछ । | |

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td>४४.</td><td>सार्वजनिक खरिद नियमावलीको नियम १११(१ङ) अनुसार सार्वजनिक निकायले खरिद सम्झौता कार्यान्वयन गर्दा गुणस्तर पक्षको निरिक्षण र परीक्षण गर्नुपर्दछ। कार्यालय र उपभोक्ताबिचको सम्झौतामा विभिन्न निर्माण सामग्री तथा निर्मित संरचनाको Quality Assurance का लागि Lab Test को व्यवस्था गरिएको भएतापनि उपभोक्ताद्वारा निर्माण गरिएको संरचनाको Lab Test भएको छैन ।गुणस्तर परिक्षणबिना उपभोक्ताबाट निर्मित सडकमा खानेपानी भवन निर्माणमा गुणस्तरीय भएको कुरामा आश्वस्त हुन सकिएन ।</td><td></td></tr>
<tr><td>४५.</td><td>तालिम खर्च : लकडाउन शुरु भैसकेपछि मिति २०७६/१२/१० मा तालिम कार्यक्रम सचालनको लागि खर्च लेख्नु विश्वसनिय देखिएन । सुदुरपश्चिमको पहाडी जिल्ला खासगरी बैतडी समेतमा लकडाउन कडा पारिएको स्थितिमा १०० जनालाई उपस्थित गराई कसरी तालिम संचालन भयो ? जनस्वास्थ्यको ख्याल गरी नगरपालिकाले नै मेला, तालिम, लगायतका गतिविधीमा नियन्त्रण गर्नुपर्नेमा तालिम संचालन गरिनु विरोधाभास पूर्ण देखियो । तालिमको विषयबस्तु, तालिम सामग्री सम्बन्धी Shoft, hard copy, व्यक्ति, सहभागिताको फोटो प्रमाणित समेत गरी पेश गरेको छैन ।तालिममा गरेको रु ५ लाखको औचित्य पुष्टि हुने आधार देखिएन । तसर्थ आवश्यकता र औचित्यको आधारमा कार्यक्रम संचालन हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४६.</td><td>८२/२०७७।३।२२ वडास्तरीय सडक मर्मत तथा निर्माण योजना र सरसफाई कार्यक्रममा पाँच भाई निर्माण सेवाको रु.६०१०००.०० को मु.अ.कर विजकमा अग्रिम आयकर छुट भएको रु.६५२५.असुल गर्नुपर्ने रु</td><td>६५२५।</td></tr>
<tr><td>४७.</td><td>गुरुयोजना : सार्वजनिक निकायले आफ्नो रणनैतिक व्यवस्थापन गर्न, सडक, सिंचाई, विधुत, शिक्षा, आवास र शहरीकरणलगायतका विषयहरुलाई व्यवस्थित गर्न गुरुयोजनाको आधारमा प्रकृया र योजनावत तवरले विकास निर्माण र सेवा प्रवाहको गतिविधि संचालन गर्नुपर्दछ । यस पाटन नगरपालिकाले हालसम्म गुरुयोजना तयार गरेको देखिएन । यसै गरी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ (१) अनुसार सार्वजनिक निकायमा १ वर्ष भन्दा बढी अवधि संचालन हुने योजना वा आयोजनाको लागि खरिद गर्दा वा बार्षिक १० करोड रुपैया भन्दा बढीको रकमको खरिद गर्दा गुरुयोजना बनाउनुपर्ने उल्लेख छ । गुरुयोजना तयार नगरी नगरपालिकाको कार्य तय गर्दा काममा एकरुपता नहुने, समन्वय नहुने, दिर्घकालिन रणनीति, विकास र सेवा प्रवाहको स्थिती स्पष्ट नहुने भएकोले गुरुयोजनाको आधारमा विकासका गतिविधी संचालन गर्ने तर्फ ध्यान दिनु पर्दछ । नगरपालिकाको ५० प्रतिशत र संस्थाको ५० प्रतिशत साझेदारी लागतमा निर्माण गर्न निम्न आयोजनाहरुको लागि समपुरक कोषको व्यवस्थापन मार्फत आयोजनामा भुक्तानी भएकोमा ति आयोजनाहरु सम्पन्न भएको कार्य स्विकार प्रतिवेदन पेश नभई भुक्तानी भएको रु.
<table>
<tr><td>भौ.नं. मिति</td><td>आयोजना</td><td>सम्झौता रकम</td></tr>
<tr><td>८०/२०७७।३।२२</td><td>भत्याडी खानेपानी आयोजना</td><td>२४०,०००.००</td></tr>
<tr><td>५४/२०७७।३।१२</td><td>छिलछिले खानेपानी आयोजना</td><td>१६०,०००.००</td></tr>
<tr><td></td><td></td><td>५००,०००.००</td></tr>
</table></td><td>५०००००।</td></tr>
<tr><td>४८.</td><td>अग्रीम कर : १४/२०७६।१०।०७ समपुरक अनुदान श्रोतबाट कार्यालय भवन निर्माणको अन्तिम विलको भुक्तानी गर्दा ग्वाल्लेक कैलास निर्माण सेवालाई रु.१९,२६,६६४/- मा १.५% अग्रिम आयकर कट्टा गरी रु.२८८९९/९६ गर्नुपर्नेमा रु.१६६६३/- मात्रै कट्टा भएकोले नपुग रकम असुल गर्नुपर्ने रु.१२२५६/९६ असुल गर्नुपर्ने रु</td><td>१२२५६।</td></tr>
<tr><td>४९.</td><td>१४३/२०७७।३।३० बार्षिक वजेट विनियोजन र मापदण्ड बमोजिम वजेट खर्च गर्नु पर्ने व्यवस्था रहेकोमा नगरपालिका कार्यालयले सवारी साधन भाडामा लिई खर्च गरेकोमा समपुरक कोषबाट रु</td><td>१६००००।</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>लेखापरीक्षणबाट देखिएका व्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>१६००००। खर्च गरेको नियमसम्मत नदेखिएको रु.</td><td></td></tr>
<tr><td>५०.</td><td>कोभिड १९ : कोरोना रोगको नियन्त्रण व्यवस्थापनको पुर्वतयारी तथा रोग पश्चातको नियन्त्रण व्यवस्थापन र सामान्यीकरणको क्रियाकलापमा औषधी क्वारिन्टिन होल्डिङ्ग सेन्टर निर्माण राहत सामाग्री वितरण स्वास्थ्य पुर्वाधार निर्माण जनशक्ति परिचालन आईसोलेसन केन्द्र निर्माण व्यवस्थापन जनचेतना लगायतका क्रियाकलाप लगायतका संचालन गर्न यस नगरपालिकामा बजेट व्यवस्थापन तथा खर्च भएको विवरण निम्नानुसार छ ।
<table>
<tr><th>खर्च विवरण</th><th>रकम</th></tr>
<tr><td>राहत वितरण</td><td>७३१७६२६</td></tr>
<tr><td>क्वारेन्टिन होल्डिङ्गस सेन्टर निर्माण</td><td>३६५००७६</td></tr>
<tr><td>आइसोलेशन केन्द्र निर्माण व्यवस्थापन</td><td>६१५०००</td></tr>
<tr><td>जनशक्ति परिचालन</td><td>३७२६७४</td></tr>
<tr><td>औषधी एवं स्वास्थ्य उपकरण तथा सामग्री</td><td>३०६०८५९</td></tr>
<tr><td>अन्य शीर्षकमा भएको खर्च</td><td>३२६६६७</td></tr>
<tr><td>जम्मा</td><td>१५३४२९०२।</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५१.</td><td>राहत सामग्री खरिद र वितरणमा सोझै खरिद प्रक्रिया अवलम्बन गरेको छ । डिलासैनी गाउँपालिका , सुर्नया गाउँपालिकापुचौंडी नगरपालिका लगायतका स्थानीयतहहरूले कोटेशन प्रक्रियाबाट राहत , सामग्री खरिद गरेकाले यस नगरपालिकाको भन्दा दाल तथा तेलमा मितव्ययिता अपनाएको देखियो भने चामलमा एउटै दरले खरिद गरेको देखिन्छ । यस सम्बन्धी विवरण निम्न छ ।</td><td></td></tr>
<tr><td></td><td>
<table>
<tr><th>सामान</th><th>परिमाण</th><th>डिलासैनी, सुर्नया, पुचौंडी लगायतको खरिद मूल्य</th><th>यस पालिकाको खरिद मूल्य</th></tr>
<tr><td>चामल</td><td>८३९२० केजी</td><td>४२।- ३५२४६४०</td><td>४३।— ३६०८५६०</td></tr>
<tr><td>दाल</td><td>८३९२ केजी</td><td>१३०।- १०९९६०</td><td>१८५।— १५५२५२०</td></tr>
<tr><td>तेल</td><td>४१९६ लिटर</td><td>१७०।- ७१३३२०</td><td>२००।— ८३९२००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>५२.</td><td>सोझै खरिद - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । नगरपालिकाले यो वर्ष कार्यलय सामान तथा मसलन्दमा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ रु ४०९९९६८. को सामान सोझै खरिद गरेको देखियो । यसरी प्रतिस्पर्धा सिमित हुने गरी खरिद नगरि वोलपत्रको माध्यमबाट खरिद गर्नुपदर्छ ।</td><td></td></tr>
<tr><td>५३.</td><td>सुचना प्रकाशनमा छुट नलिएको : गोरखापत्र संस्थान धर्मपथ काठमाण्डौले सरकारी विज्ञापन प्रकाशन गर्दा २५ प्रतिशत छुट दिने नितिगत व्यवस्था गरेको कार्यलयको ०७०।४।२३ को पत्रमा उल्लेख गरेको छ। गोर्खापत्र वाहेक अन्य प्रकाशन समेतले सरकारी सुचना तथा विज्ञपनमा २० देखि ३५ प्रतिशत सम्म छुट दिने नितिगत निर्णय गरेको देखिन्छ।नगरपालिकाले सुचना तथा विज्ञपना प्रकाशनमा रु २१६०९२३।भुक्तानि दिएकोमा छुट लिएको देखियन। सरकारी विज्ञापनमा छुट दिने प्रकाशनको नितिगत व्यवस्था अनुसार २५ प्रतिशत छुट सहुलियत लिदा कार्यलयले उक्त सुचनामा रु १६२०६९२। मात्र खर्च लाग्नेमा छुट सहुलियत नलिएको कारण कार्यलयलाइ रु ५४०२३०।थप व्ययभार पर्न गएको देखिन्छ । तसर्थ सरकारी सुचना तथा विज्ञपनमा छुट सहुलियत दिने प्रकाशान संस्थाहरुको नीतिगत व्यवस्था अनुसार छुट सहुलियत लिनुपर्दछ।</td><td></td></tr>
</table>

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| ५४. | **गाडी भाडा** : नगरपालिका पदाधिकारी तथा कर्मचारीहरुले नगरपालिकाबाट धनगढि धनगढिबाट बैतडी तथा नगरपालिकाको विभिन्न स्थानमा गएको भनि गाडी भाडा लिइ खर्च लेखने गरेको छ । नगरपालिकाले सरकारी कामकाजको लागि खटायको पत्र तथा अन्य कुनै कार्यलयबाट समेत सहभागीको लागि पत्र समेत पठाएको देखिदैन ।कार्यलयको आवश्यक कार्यको लागि मात्र सवारी साधन भाडामा लिइ खर्च गर्नुपर्नेमा सरकारी काम वेगर पटक पटक सवारी साधन भाडामा लिइ खर्च गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| ५५. | **खर्च शिर्षक फरक :** गो भौ ७२।०७६।९।२ आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३५ मा रकम स्विकृत वजेट भित्र र सम्वन्धित खर्च शिर्षकमा पर्छ र खर्च गर्न वाकी छ भने मात्र खर्च गर्न पाउने व्यवस्था छ ।कार्यालयले सेवा परामर्श शिर्षकबाट सवारी साधन भाडा रु ५७५००। खर्च लेखेको छ । खर्च शिर्षक फरक पारी सावारी साधन खर्च लेखेकोले अनियिमित देखियको रु | ५७५०० |
| ५६. | **नगर स्वयं सेवक शिक्षक :** १७९।०७६।११।१६ शिक्षा विभागबाट प्रकाशित कार्यक्रम कार्यन्वयन पुस्तिका २०७६।७७ को क्रियकलाप २.१५.११.६३६ मा साविक जिल्ला शिक्षा कार्यलयबाट अनुमति प्राप्त गरी संचालनमा रहेका र कुनै पनि दरवन्दी तथा राहात कोटा प्राप्त नगरेका विद्यालयलाइ शिक्षक व्यवस्थापनको लागि अनुदान दिने व्यवस्था छ । कार्यलयले अनुदान र आर्थिक साहायत सम्वन्धी निर्देशिका २०७५ अनुसार वित्तिय समानिकरण चालुबाट नगर स्वयम सेवक शिक्षक आधाभुत विद्यालयका शिक्षकलाइ रु ७५००। र माध्यामिक विद्यलायका लागि रु ९५००।का दरले नगरपालिकाले विद्यालयलाइ रु ११०८२०००।खर्च लेखेको छ । कार्यालयले नगरपालिका अन्तर्गत विद्यालयमा शर्सत अनुदानबाट शिक्षक तलव भत्तामा निकासा दिएको छ । यस सम्वन्धमा विद्यालय शिक्षक दरवन्दी मिलान वेगर स्वयम सेवक शिक्षक नियुक्ती गरी तलव निकासा दिएको छ।शिक्षक दरवन्दी र विद्यार्थि संख्याको आधारमा आवश्यक पर्ने भए प्रतिस्पर्धात्मक तवरले छनोट गरी शैक्षिक गुणस्तर अभिवृद्धि हुने गरेर मात्र स्वयम सेवक शिक्षक नियुक्त गर्नु पर्दछ । निम्न विद्यालयमा निकासा दिएकोमा सम्वन्धीत विद्यालयबाट शिक्षकको हाजिरी रकम वुझेको प्रमाण पेश गर्नुपर्ने रु | १८००००० |

| | | |
|---|---|---|
| १ | शिद्धेश्वर मा वी | १८००००। |
| २ | कालिका आधारभुत विद्यालय | ३६००००। |
| ३ | जनता आधारभुत विद्यालय | २७००००। |
| ४ | भृकुटि आधारभुत विद्यालय | १८००००। |
| ५ | आधारभुत विद्यालय पन्त्यौडा | १८००००। |
| ६ | डाडावाग आधारभुत विद्यालय | २७००००। |
| ७ | ज्ञानेश्वर मा वी विजयपुर | ३६००००। |
| | जम्मा | १८०००००। |

| | | |
|---|---|---|
| ५७. | **भ्रमण खर्च :** सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्।<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br>• कतिपय भ्रमणहरु नगरपालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५८. | **बाख्रा वितरण-** कार्यालयले वडा नं.१० मा दलित महिला र एकल महिलाको आय आजर्नको लागि ४७ वटा बाख्रा वितरण गरी रु.४९८०००। भुक्तानी दिइ वख्रा वितरण गरेकोमा कृषक छनौटको मापदण्ड पेश नभएको र वितरण पश्चात सो बाट निजहरुले बाख्रा पालन व्यवसाय सञ्चालन गरेनगरेको सम्बन्धमा यकिन नभएकोले खर्चको उपादेयता पुष्टि भएन । | |
| | **विशेष अनुदान [संघ]** | |
| ५९. | संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम अन्तर्गत कृष्ण मा. वि. भवन तथा फील्ड निर्माण, पुर्णसरसफाइ खानेपानी तथा फोहर व्यवस्थापन उन्मुख कर्यक्रम, शैक्षिक गुणस्तर कार्यक्रम र महिला स्वास्थ्य तथा सरसफाइ महिला हिंसा न्युनिकरणको कार्यक्रम संचालन गर्न रु २००००००० । करोड विनियोजन भएकोमा उक्त कार्यक्रम संचालन गरी रु १५७७६०८४।खर्च भएकोमा निम्न व्यहोरा देखियो । | |
| ६०. | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ मा सार्वजनिक निकायले २० लाख रुपैया भन्दा वढि लागत अनुमान भएको निर्माण कार्य मालसामान वा जुनसुकै सेवा खरिद गर्दा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ ।पाटन नगरपालिकाले उक्त नियामावली अनुसार वोलपत्रको माध्यमबाट खरिद गनुपर्नेमा सो अनुसार नगरी गैर सरकारी संस्थाहरु संग प्रस्तवा माग गरी खर्च गरेकोले नियम पालना गरेको पाइयन । | |
| ६१. | सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ११ वमोजिम मालसामान तथा निर्माण कार्यको स्विकृत नर्म्स र सम्वन्धित मालसामानको स्पेशिफिकेसनको अधिनमा रहि लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ ।कार्यालयले लागत अनुमान तयार नगरी विनियोजित वजेटको आधारमा प्रस्ताव माग गरी खर्च लेखेको छ । | |
| ६२. | सार्वजनिक खरिद ऐन २०६४ को दफ ४६ मा जन चेतना सम्वन्धि तालिम अभिमुखिकरण सवलीकरण जास्ता कार्य गैर सरकारी संस्थाबाट गराउन सकिने व्यवस्था छ । कार्यालयले शैक्षिक गुणस्तर कार्यक्रम अन्तर्गत विद्यालयको लागि आवश्यक शैक्षिक सामाग्री खरिद लागि प्रस्ताव माग गरी गैर सरकारी संस्था अप्सन्स फर रिर्सच एण्ड डेभलभमेन्टको कवोल अंक रु ६३११५८७।प्रस्ताव स्विकृत गरी सम्झौता गरेको छ ।कार्यालयले विद्यालयको लागि आवश्यक शैक्षिक सामग्री वोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा नियमावली विपरीत गैर सरकारी संस्थासंग सम्झौता गरी खर्च लेखेको अनियमित देखिएको रु | ६३११५८७ |
| ६३. | महिला हिंसा न्युनिकरण तथा एकल महिला लागयतको कार्यक्रम संचालनको लागी गैर सरकारी सामाजिक चेतना तथा विकास संघको रु २३७३७५०। को प्रस्ताव स्विकृत गरी सम्झौता गरेकोमा उकत संस्थाले एकल महिला दलित महिला तथा कमजोर आर्थिक अवस्था भएका लक्षित वर्गको जिविकोपार्जनको लागि वाख्रा खरिद र ढुवानी समेत रु १०२४६५०। खर्च लेखेको छ । अम्मर वाख्रा फर्मबाट खरिजातका स्थानिय वाख्रा २५ केजी भन्दा वढि तौलका खरिद गरेको उल्लेख गरेकोमा खरिद गरेको वाख्राको टयाक सहित तौल समेत उल्लेख गरेको पाइयन । लेखपारीक्षणको क्रममा वाख्रा वितरण गरेका स्थानिय ३ जानलाइ सम्पर्क गरी जानकारी लिदा उल्लेखित तौल भन्दा निकै कम तौल भएको वाख्रा वितरण गरेको जफाव दिएका थिए । कार्यलयबाट लक्षित समुहको छनोट समेत | |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
|---|---|---|
| | नगरेकोले लक्षित वर्गलाइ उल्लेखित तौलका वाखा वितरण गरेको भनि यकिन नभएकोले कार्यलयबाट अनुगमन गरी प्रतिवेदन पेश गर्नुपर्ने रु | १०२४६५०। |
| ६४. | माथि उल्लेखित कार्यक्रम संचालनको लागि प्रस्ताव माग गरी प्रस्तावमा उल्लेखित रकमको सम्झौता गरि वाकी रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्नेमा कार्यपालिकाको २०७७।३।२ को निर्णयबाट ५ लाख सम्मको प्रस्तावबाट कार्यक्रम संचालन गर्ने भनि विभिन्न गैर सरकारी संस्थाको नाम स्विकृत गरी रु १७५७५२१। खर्च लेखेको छ । स्विकृत कार्यक्रम संचालन गरी वाकी रहेको रकम संघीय संचित कोषमा फिर्त गर्नुपर्नेमा आर्थिक वर्षको अन्तमा गैर सरकारी संस्थालाइ छनोट गरि रकम खर्च गर्नु नियमसम्मत नदेखिएको रु | १७५७५२१। |
| ६५. | **सामाजिक सुरक्षातर्फ** | |
| ६५.१. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एस) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन । | |
| ६५.२. | सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्ने व्यवस्था सम्पुर्ण वडाहरुमा कार्यान्वयन भएको छैन । | |
| ६५.३. | मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच बर्ष उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लागातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख तयार गरि पेश भएको छैन । लाभग्राहीको अद्यावधिक विवरणका आधारमा मात्र सामाजिक सुरक्षा भत्ता निकासा हुने व्यवस्था कडाईका साथ लागु गर्नु पर्दछ । | |
| ६६. | **वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६७. | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण उपयोग तथा हक हस्तान्तरण —** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख मर्मतसम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । नगरपालिकाले आफ्नो क्षेत्र भित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ । | |
| ६८. | **पेश्की :** निम्न व्यक्ति तथा सस्थाहरुको पेश्की आर्थिक वर्षको अन्त सम्म पनि म्याद नाघेको पेश्की वाकी रहेकोले नियम अनुसार असुल फछ्यौंट गर्नुपर्ने रु | १५४२३७४ |
| | **आन्तरिक लेखापरिक्षणबाट कायम बेरुजू :** | |

| गो भौ न | पेश्की लिनेको नाम | पेश्की रकम |
|---|---|---|
| ११।०७७।०३।१६ | सुर्य विल्डर्स | ८००००० |
| ४७।०७६।१०।२६ | बगाडी गाड स्टील ट्रस झोलेङ्गे पुल उपभोक्ता समिति | ३२२१७३.५० |
| १०५।०७७।३।१० | मालिका इन्जिनिरयङ्गि एण्ड मेकानिकल वर्क्स प्रालि | ४२०२०० |
| | | १५४२३७३.५ |

| दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | बेरुजू रकम |
| --- | --- | --- |
| ६८.१. | ५३।२०७६।८।२५ बाट चालक विनोद के सी लाइ मिति २०७६।५।२९ देखि २०७६।६।६ सम्म काज खटाइ खर्च लेखेकोमा उक्त अवधिमा निजले ४ दिन कार्यालयमा हाजिर समेत गरेकोले उकत अवधी रकम रु ३२५०। असुल गर्नुपर्ने रु | ३२५० |
| ६८.२. | ५३।२०७६।८।२५ सुर्य वाहादुर सिह काठमाण्डौ बाट धनगढि प्लेन टिकट पेश गरी खर्च लेखेकोमा उक्त अवधीमा प्लेनबाट यात्रा गरेकोमा वोर्डिङ्ग पास पेश नगरेकोले प्रमाण पेश गर्ने रु | ५९००। |
| ६८.३. | ११८।२०७६।११।११ सुचना प्रणाली तथा सफटवेयर संचालन गरे वाफत एम्फिसिस टेक फाउन्डेसन प्रा ली लाइ रु ३६७९५।भुक्तानी गरेकोमा सम्झौता नविकरण नगरी भुक्तानी दिएको रु | ३६७९५ |
| ६८.४. | २२।२०७६।११।१४ कनेडा वाल निर्माण उपभोक्ता समितिले सम्झौतामा उल्लेख गरे अनुसार भन्दा कम प्रतिशत जनश्रमदान गरेकोले रु ८८९७९। समानुपातिक कट्टी गरी भुक्तानी दिनु पर्ने रु | ८८९७९ |
| ६८.५. | राष्ट्रिय परिचयपत्र तथ पञ्जिकरण विभाग कार्यक्रम अन्तर्गत अर्थ मन्त्रालयबाट सेवा र परामर्श खर्चमा रु ४३६०००। र अनुगमन मुल्यांकन खर्चमा रु १३९०००। मात्र फुकुवा भएकोमा क्रमस रु २४८८७० र रु ३५८००। समेत जम्मा रु २८४६७०। वढि निकासा भएकोले फुकुवा भन्दा वढी खर्च भएको रु | २८४६७० |

अनुसुची-१

# संचितकोष विवरण
# २०७६/७७
### सुदूरपश्चिम प्रदेश

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | लेखापरीक्षण रकम | बेरुजू रकम | प्रतिशत | आय | | | | | | व्याय | | | | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | गतवर्षको जिम्मेवारी | संघ तथा प्रदेश अनुदान | राजस्व वाँडफाँट रकम | आन्तरिक आय | अन्य आय | जम्मा आय | चालु खर्च | पूंजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| वैतडी | पाटन नगरपालिका | १२०३८३० | १७२३६ | १-४३ | ११५९२ | ४५१७५६ | ६५६२७ | ४५१३ | ११६६४१ | ६३८५३७ | ३३३७९१ | १२१८२६ | १०९६७६ | ५६५२९३ | ८४८३६ |

अनुसुची-२

# बेरुजु बर्गिकरण( विनियोजन, राजस्व, धरौटी तथा अन्य कारोबार)

(रु.हजारमा

| जिल्ला | | प्रारम्भिक बेरुजू | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | वाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | सैद्धान्तिक | लगानी | | सैद्धान्तिक | लगानी | | सैद्धान्तिक | लगानी | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजश्व लगत जिम्मेवारी नसारेको | सोधभनां नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| वैतडी | पाटन नगरपालिका | ६६ | २२ | १७२३६ | - | - | - | ६६ | २२ | १७२३६ | १४६२ | १०२३७ | ३९९५ | - | -- | १४२३२ | - | १५४२ | १५४२ |

अनुसुची-३

# अध्यावधिक बेरुजु स्थिति

(रु.हजारमा)

| जिल्ला | स्थानीय तह | गत बर्ष सम्मको वाँकी वेरुजु | समायोजन | सं प को लागि अनुरोध भइ आएको रकम | संपरीक्षण भएको रकम | संपरीक्षण गर्न नमिलेको रकम | कारवाही गर्न बाँकी रकम | गत वर्षसम्मको वाँकी रकम | यो वर्षको थप रकम | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु | ५८ औं प्रतिवेदन सम्मको वाँकी वेरुजु मध्ये पेश्की | अनुसुची अनुसारको गत वर्षको बेरुजु | फरक रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वैतडी | पाटन नगरपालिका | **६१०८३** | ० | ० | ० | ० | ० | ६१०८३ | १७२३६ | ७८३१९ | ४००० | | |